सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको राष्ट्रिय योजना आयोगको कार्यसम्पादन विवरण

स्वतः प्रकाशन

(Proactive Disclosure)

(२०८३ श्रावण देखि असोज मसान्त सम्म)

राष्ट्रिय योजना आयोग

सिंहदरवार, काठमाडौं

विषयसूची

१. राष्ट्रिय योजना आयोगको परिचय १
१.१ पृष्ठभूमि १
१.२ ऐतिहासिक विकासक्रम १
२. राष्ट्रिय योजना आयोगको गठन तथा काम, कर्तव्य र अधिकार २
२.१ गठन २
२.२ आयोगको बैठक ३
२.३ आयोगको काम, कर्तव्य र अधिकार ३
२.४ राष्ट्रिय विकास परिषद् ३
३. राष्ट्रिय योजना आयोगको दरबन्दी र कार्य विवरण ४
४. आयोगबाट प्रदान गरिने सेवा ५
५. सेवा प्रदान गर्नेमहाशाखा,शाखा र जिम्मेवार अधिकारी ६
६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ६
७. निर्णय गर्ने प्रक्रिया र अधिकारी ६
७.१ निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया ६
७.२ निर्णय गर्ने अधिकारी ७
८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ७
९. २०८३ श्रावण देखी २०८३ असोज मसान्तसम्म सम्पादन भएको कामको विवरण ७
१०. सूचना अधिकारी र प्रमुखको नाम र पद ७
११.१ ऐन, नियम,बिनिमय वा निर्देशिकाको सूचीहरूको विवरणः १०
१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ११
१३. तोकिए बमोजिमका अन्य विवरण १३
१५. सार्वजनिक निकायकोसामाजिक सन्जालभए सोको विवरण १३
१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन १३
१८. राष्ट्रिय योजना आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली १३
१९.राष्ट्रिय योजना आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय १३
२०. राष्ट्रिय योजना आयोगका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण १३

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३
बमोजिम सार्वजनिक गरिएको राष्ट्रिय योजना आयोगको विवरण

१. राष्ट्रिय योजना आयोगको परिचय

१.१ पृष्ठभूमि

मुलुकको सर्वाङ्गिण विकासका लागि योजना तर्जुमा गर्ने, क्षेत्रगत नीति एवं रणनीतिहरु तयार गरी विकासका कार्यक्रमहरुलाई लक्षित दिशामा निर्देशित गर्न सघाउनुका साथै विभिन्न राष्ट्रिय महत्व एवम् प्राथिमकताका कार्यक्रम तथा आयोजनाहरुको अनुगमन तथा मूल्यांङ्कन गरी नेपाल सरकारलाई तथ्यमा आधारित रहेर सल्लाह दिने बिशिष्टकृत निकायको रुपमा राष्ट्रिय योजना आयोग रहँदै आएको छ। आयोगले समग्र विकासको निमित्त स्रोत साधनको व्यवस्था गर्ने तथा विनियोजन गर्ने कार्यका साथै विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कन एवं विकास योजनाका विषयहरूमा विचार आदानप्रदान, वहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा अग्रणी भूमिका निर्वाह गर्दछ। साथै, यसले विकास नीति र कार्यक्रमहरू कार्यान्वयनको लागि सहजीकरण र समन्वय गर्दछ। यसबाहेक यसले नागरिक समाज, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रको समस्याहरू विश्लेषण गर्ने र समाधानका उपायहरु पहिल्याउने कार्यमा नेपाल सरकारको सल्लाहकारी निकायको रुपमा समेत कार्य गर्दै आएको छ।

संघीय शासकीय व्यवस्थामा मुलुक प्रवेश गरेसँगै संघ, प्रदेश तथा स्थानीय तहका विकास प्रयासहरुलाई राष्ट्रको समग्र विकाससँग आवद्ध गरी लैजान दूरगामी सोचको तर्जुमा, कार्यान्वयनयोग्य आवधिक योजनाको तर्जुमा, नीतिगत जटिलताहरुको सरलीकरण, मध्यमकालीन खर्च संरचनाको सुदृढिकरण, सहअस्थित्व, सहकारिता एवम् सहयोगात्मक संघीयताको कार्यान्वयनमा समन्वयात्मक भूमिका नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पध्यति विकास र सूचना तथा तथ्याङ्क प्रणालीलाई वैज्ञानीक तथा भरपर्दो बनाउदै पहुँच योग्य बनाउने कार्यलाई प्राथमिकताका साथ आयोगले अगाडि बढाउँदै लगेको छ।

१.२ ऐतिहासिक विकासक्रम

नेपाललाई विकासको हरेक पक्षहरुमा गति प्रदान गर्न विकास प्रक्रियालाई एकीकृत र योजनावद्धरुपमा लैजाने अवधारणासहित सर्वप्रथम बि.सं. २०१३ सालमा तत्कालीन प्रधानमन्त्री स्व. टंकप्रसाद आचार्यको अध्यक्षतामा केन्द्रीयस्तरमा योजना आयोगको गठन भएको थियो। त्यहीसालबाट योजनावद्ध विकास प्रयासको थालनी गरी पहिलो योजना (२०१३– २०१७) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको थियो जसले योजनाको आधारशिला तयार गर्न सहयोग पुर्यायो। योजना आयोगलाई सक्षम र प्रभावकारी बनाउन योजना मण्डल ऐन, २०१४ जारी गरियो र त्यही वर्ष योजना मण्डल स्थापना भएको थियो। योजना मण्डललाई योजना तर्जुमा गर्ने जिम्मेवारीवाहेक विविध कार्यकारी अधिकारहरू सुम्पिएको थियो। वि.सं.२०१७ मा बहुदलीय व्यवस्थालाई अन्त्य गरिएसँगै तत्कालीन राजा महेन्द्रको अध्यक्षतामा राष्ट्रिय योजना परिषद्को स्थापना भएको थियो। यस परिषद्को निर्णयलाई मन्त्रीपरिषद्को निर्णयसरहको मान्यता दिई यस परिषद्लाई आर्थिक योजना तथा नीति निर्माणको लागि सबैभन्दा अधिकार प्राप्त निकायको रूपमा राखियो। यस परिषद्लाई सहयोग पुर्याउन एउटा छुट्टै सचिवालयको स्थापना भएको थियो। तर, वि.सं.२०१९ मा आर्थिक विकास मन्त्रालयको स्थापना भए पश्चात् सोही मन्त्रालयले सचिवालयको कार्य गर्न थाल्यो र विकास बजेट एवं वैदेशिक सहायतासम्बन्धी अन्य क्रियाकलापहरू राष्ट्रिय योजना परिषद् अन्तर्गत ल्याइयो। वि.सं. २०२० मा राष्ट्रिय योजना परिषद् विघटन भयो र केन्द्रीयरूपमा योजना निर्माण गर्ने निकाय मन्त्रीपरिषद्को अध्यक्षले अध्यक्षता गर्नेगरी उस्तै नाम दिई गठन गरियो। मन्त्रीपरिषद्का सबै मन्त्रीहरू सो निकायको पदेन सदस्य हुनेगरी आर्थिक विकास मन्त्रालयलाई योजना मन्त्रालयको रूपमा पुनर्गठन गरियो।

वि.सं.२०२५ मा विकास बजेट र वैदेशिक सहायतासम्बन्धी सबै कार्यहरू गर्नेगरी आर्थिक योजना मन्त्रालयबाट अर्थ मन्त्रालयमा सरियो। मन्त्रीपरिषद्को अध्यक्षले अध्यक्षता गर्ने राष्ट्रिय योजना परिषद्लाई प्रधानमन्त्रीबाट अध्यक्षता गर्ने राष्ट्रिय योजना आयोगले प्रतिस्थापन गरी यसलाई सघाऊ पुऱ्याउन छुट्टै सचिवालय स्थापना गरियो। वि.सं. २०२९ मा तयार गरिएको अध्ययन प्रतिवेदनले प्रस्ताव गरेअनुसार केन्द्रीय योजना निर्माणसम्बन्धी निकायले गर्ने कार्य तथा जिम्मेवारीहरू राष्ट्रिय योजना आयोगलाई दिने गरी यसलाई पुर्नगठन गरियो। वि.सं. २०४४ मा राष्ट्रिय योजना आयोगको स्वरुपमा सामान्य परिवर्तन भयो।वि.सं. २०४६ सालमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना पश्चात् वि.सं. २०४८ मा राष्ट्रिय योजना आयोगमा केही परिवर्तनहरू भएको पाइन्छ। पुनर्गठन भएको सो आयोगको अध्यक्षता प्रधानमन्त्रीले गर्ने र पूर्णकालीन उपाध्यक्ष सहितको पाँचजना सदस्यहरू र एकजना सदस्यसचिव रहने व्यवस्था गरियो। यसमा मुख्य सचिव र अर्थ सचिव पदेन सदस्यहरूको रूपमा रहने व्यबस्था गरियो।

वि.सं. २०६२/०६३ को जनआन्दोलन पश्चात् राजकीयसत्ता र शासन व्यवस्थामा भएको परिवर्तनसंगै पुरानो शासकीय व्यवस्थामा रहेको राष्ट्रिय योजना आयोगको समयानुकूल परिवर्तनसहित नयाँ गठन आदेश, २०६८ बमोजिम पुनर्गठन गरियो। वि.सं.२०७२ असोज ३ मा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान जारी भएसँगै पुनयोजना आयोगलाई संविधानले लिएको विकासका लक्ष्यहरु एवंम् निर्दिष्ट गरेका जिम्मेवारीहरुको कुशल एवं प्रभावकारी संम्पादन र समन्वय गर्ने गरी मिति २०७४/११/२८ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयले राष्ट्रिय योजना आयोग-गठन तथा कार्यसंचालन आदेश, २०७४ स्वीकृत गर्यो र २०७५/१/११ मा उपाध्यक्षसहित सात सदस्यीय र नेपाल सरकारको विशिष्ट श्रेणीको सचिव आयोगको सदस्य सचिव रहने व्यवस्थासहित पूर्णकालीन आयोग गठन भई कार्यसंचालन गर्दै आएको छ। यस गठन आदेश अनुसार नेपाल सरकारका मुख्यसचिव र अर्थ सचिव पदेन सदस्य रहने व्यवस्था रहेको छ ।

नेपालको योजनाबद्ध विकासक्रम वि.सं. २०१३ सालदेखि हालसम्मको अविधमा आईपुग्दासम्म छ दशक गरिसकेको छ भने हालसम्म १६ वटा आवधिक योजनाहरु कार्यान्वयन भई हाल सौह्रौ योजना कार्यान्वयनको अवस्थामा छ। आयोगको गठन प्रकृया तथा कार्यहरुबारे अध्ययन गर्दा यसको नेतृत्व गर्ने पदाधिकारी, सदस्यहरुको संख्या तथा संगठन स्वरुपमा समय समयमा फेरबदल भईरहेको पाइन्छ ।

सम्माननीय प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय योजना आयोगको हालको संगठनमापूर्णकालीन पदाधिकारीको रुपमा एक उपाध्यक्ष, सात जना सदस्य र सदस्य सचिव रहेको छ। मुख्य सचिव र अर्थ सचिव पदेन सदस्य रहने व्यवस्था छ। यसरी राष्ट्रिय योजना आयोगले बिगतमा विभिन्न नाममा भिन्न भिन्न कार्य विवरण सहित कार्य गर्दै पटक पटकको परिबर्तन र सुधारको प्रकृयाबाट हालको अवस्थामा आईपुगेको छ। संगठन स्वरुप समयक्रमसंगै भएका सुधारहरुको नतिजास्वरुप राष्ट्रिय योजना आयोगको हालको काम कर्तव्य, अधिकारहरु संगठन स्वरुप तयार भएको हो ।

२. राष्ट्रिय योजना आयोगको गठन तथा काम, कर्तव्य र अधिकार

प्रचलित कानून तथा अन्य आदेशमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त राष्ट्रिय योजना आयोगको गठन तथा कार्य सञ्चालन आदेश, २०७४ बमोजिम आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छ।

२.१ गठन

नेपालमा तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोंच सहितको विकास नीति तथा योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, अनुगमन, मूल्याङ्कन र अनुशिक्षण गर्नका लागि नेपाल सरकारको विशिष्टीकृत निकायका रुपमा काम गर्न देहाय बमोजिमको एक राष्ट्रिय योजना आयोग गठन गरिएको छ ।

(क)	प्रधानमन्त्री–	अध्यक्ष
(ख)	नेपाल सरकारबाट नियुक्त एक जना–	उपाध्यक्ष
(ग)	नेपाल सरकारबाट नियुक्त कम्तीमा एकजना महिला सहित बढीमा छजना–	सदस्य
(घ)	मुख्य सचिव, नेपाल सरकार–	सदस्य
(ङ)	सचिव, अर्थ मन्त्रालय–	सदस्य
(च)	सचिव, राष्ट्रिय योजना आयोग–	सदस्यसचिव

खण्ड (ख) र (ग) बमोजिमका उपाध्यक्ष र सदस्यहरुले आयोगको पूर्णकालीन पदाधिकारीको रुपमा कार्यगर्ने ब्यवस्था छ। खण्ड (ग) बमोजिमका सदस्यको नियुक्ति गर्दा देहाय बमोजिम प्रतिनिधित्व हुने गरी विज्ञता र समावेशी आधारमा गरिने व्यवस्था छ।

(क) आर्थिक विकास,

(ख) सामाजिक विकास,

(ग) भौतिक पूर्वाधार, जलस्रोत तथा उर्जा

(घ) प्राकृतिक स्रोत व्यवस्थापन

२.२ आयोगको बैठक

(१) आयोगको बैठक वर्षको कम्तीमा दुई पटक बस्नेछ। आयोगकोबै ठकआयोगको अध्यक्षले अध्यक्षता गर्ने र उपाध्यक्षले अध्यक्षता गर्ने गरी दुई प्रकृतिका छन्। आयोगका अध्यक्षले अध्यक्षता गर्ने बैठक बर्षको ककम्तीमा दुई पटक बस्ने व्यवस्था छ भने उपाध्यक्षले अध्यक्षता गर्ने आयोगको नियमित बैठक साप्ताहिक रुपमा बस्ने व्यवस्था छ।

२.३ आयोगको काम, कर्तव्य र अधिकार

राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ मा काम, कर्तव्य, अधिकारमा आयोगको कार्यक्षेत्र मूलतः देहाय बमोजिमका चारवटा उल्लेख गरिएका छन्:

(क) दीघर्कालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा,

(ख) अनगुमनतथामूल्याङ्कन,

(ग) तहगत समन्वय,

(घ) अध्ययन, अनसुन्धान तथा अन्वेषण।

२.४ राष्ट्रिय विकास परिषद्

आयोगले तर्जुमा गरेको दीर्घकालीन वा आवधिक विकास नीति वा योजनामा छलफल गरी मार्गदर्शन दिनका लागि एक राष्ट्रिय विकास परिषद् रहने व्यवस्था गठन आदेशमा गरिएको छ।

परिषद्को गठन देहाय बमोजिम रहेको छ :

(क)	प्रधानमन्त्री	अध्यक्ष
(ख)	आयोग उपाध्यक्ष	उपाध्यक्ष
(ग)	नेपाल सरकारका विभागीय मन्त्रीहरु र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्रीहरु	सदस्य
(घ)	संघीय–संसदमा प्रतिनिधित्व गर्ने संसदीय दलका नेता	सदस्य

(ङ)	संघीय–संसदका समितिका सभापतिहरु	सदस्य
(च)	प्रदेश सरकारका मुख्य मन्त्रीहरु	सदस्य
(छ)	आयोगका सदस्यहरु	सदस्य
(ज)	गभर्नर, नेपाल राष्ट्र बैंक	सदस्य
(झ)	प्रदेश सरकारका योजना हेर्ने मन्त्रालय वा निकायको प्रमुखहरु	सदस्य
(ञ)	जिल्ला समन्वय समितिका प्रमुखहरु, प्रचलित कानून बमोजिम स्थापना भएका संघ वा संस्थाका प्रतिनिधि र निजी क्षेत्रलगायत विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा विशिष्ट योगदान पूर्याएका व्यक्तिहरुमध्येबाट कम्तीमा एक तिहाई महिला सहित नेपाल सरकारबाट मनोनित पच्चीस जना	सदस्य
(ट)	सचिव, राष्ट्रिय योजना आयोग	सदस्य-सचिव

परिषद्को बैठक सम्बन्धी व्यवस्थाः (१) परिषद्का अध्यक्षको निर्देशनमा सदस्यसचिवले परिषद्को बैठक बोलाउने र परिषद्को बैठकमा आयोगले तयार गरेको राष्ट्रिय योजना छलफल भएपछि सोपरिषद्को निर्देशन अनुसार राष्ट्रिय योजनानेपाल सरकारको स्वीकृतिको लागि पेश गरिने व्यवस्था रहेको छ।

३. राष्ट्रिय योजना आयोगको दरबन्दी र कार्य विवरण

पद नाम	श्रेणी	सेवा	समूह/उपसमुह	खुद दरवन्दी	कैफियत
सचिव	विशिष्ठ	प्रशासन		१	
सहसचिव	रा.प. प्रथम	प्रशासन		४	
कार्यक्रम निर्देशक	रा.प. द्वितीय	प्रशासन		१२	
उप सचिव (लेखा)	रा.प. द्वितीय	प्रशासन	लेखा	१	
योजना अधिकृत	रा.प.तृतीय	प्रशासन	सा. प्रशासन	२६	
लेखा अधिकृत	रा.प.तृतीय	प्रशासन	लेखा	१	
तथ्याङ्क अधिकृत	रा.प.तृतीय	ने. आ. यो. त.	तथ्याङ्क	२	
कानून अधिकृत	रा.प.तृतीय	न्याय	कानून	१	
कम्प्युटर अधिकृत	रा.प.तृतीय	विविध		२	
पुस्तकालय अधिकृत	रा.प.तृतीय	शिक्षा	पुस्तकालय विज्ञान	१	
नायब सुब्बा	रा.प.अ.नं.प्रथम	प्रशासन	सा. प्रशासन	१६	
टाइपिष्ट ना.सु.	बेग अनुसार	प्रशासन	सा. प्रशासन	०	
पुस्तकालय सहायक (ना.सु.)	रा.प.अ.नं.प्रथम	शिक्षा	पुस्तकालय विज्ञान	१	
लेखापाल	रा.प.अ.नं.प्रथम	प्रशासन	लेखा	१	
कम्प्युटर अपरेटर	रा.प.अ.नं.प्रथम	विविध		६	
ह.स.चा.	श्रेणी विहीन	इन्जिनियरिङ्	जनरल मेकानिक्स	१४	
कार्यलय सहयोगी	श्रेणी विहीन	प्रशासन		१६	

पद नाम	श्रेणी	सेवा	समूह/उपसमुह	खुद दरवन्दी	कैफियत
			जम्मा	१०५	

४. आयोगबाट प्रदान गरिने सेवा

क . दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय तथा सहजीकरणः

१. मुलुकको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी त्यसको कार्यान्वयनको सहजीकरण गर्ने,
२. आर्थिकविकास, सामाजिकविकास, भौतिक पूर्वाधार,जलस्रोत तथा उर्जा,अन्य प्राकृतिक स्रोत, मानवस्रोत ब्यवस्थापन र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने,
३. सम्बन्धित मन्त्रालयतथा निकायसँगको समन्वयमा केन्द्रीय स्तरका नयाँ विकास कार्यक्रम तथा आयोजनाहरुको लेखाजोखा, पुर्व मूल्यांकन तथा परिक्षण समेत गरी सहमति दिने,
४. लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने,
५. राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक रवातावरणीय विश्लेषणको लागि राष्ट्रिय मापदण्ड तयार गर्न लगाउने,
६. अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजिकरण गर्ने,
७. अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने,
८. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास, सञ्चालन, समन्वय र सहजीकरण गर्ने,
९. अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल राष्ट्रिय तथ्यांक प्रणालीको विकास र संप्रेषण गर्ने, गराउने,

ख. अनुगमन तथा मुल्याङ्कन

१. मुलुकको विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गर्ने तथा त्यसलाई नेपाल सरकारका विभिन्न निकायहरुमा लागू गरी संस्थागत गराउने,
२. मूल्यांकनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी बिषयक्षेत्रगत नीतिहरु र प्राथमिकताप्राप्त कार्यक्रम तथा आयोजनाहरुको प्रभाव मूल्यांकन गर्ने, गराउने र त्यसको आधारमा नीति तथा कार्यान्वयनको तहमा गर्नुपर्ने सुधारगराउने,
३. अनुगमन, मूल्यांकन तथा अनुशिक्षणको विषयमा सरकारी, सार्वजनिक, स्वतन्त्र मूल्यांकनकर्ता तथा विषयगत पेशागत संघ संस्था, नागरिक समाज र विकासका साझेदार बीच सञ्जालको विकास र यससम्बन्धी अनुभवको आदान प्रदान गरी विशेषज्ञताको विकास गर्ने, गराउने।

ग. तहगत समन्वय

१. संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग, सहजीकरण गर्ने ।

घ. अध्ययन, अनुसन्धानतथा अन्वेसण

१. कुनै राष्ट्रिय नीतिको सान्दर्भिकता वा विकास योजना तथा कार्यक्रमका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट अन्तर्राष्ट्रिय स्तरको शोध तथा अनुसन्धान गर्ने गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने,

२. प्राज्ञिक, सार्वजनिक, निजी क्षेत्र तथा गैर सरकारी क्षेत्रको साझेदारीमा नीति तथा योजनाको विकास तथा कार्यान्वयनको क्षेत्रमा हुने अनुसन्धान तथा अध्ययनमा प्रोत्साहन तथा सहजीकरण गर्ने,

३. आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार,जलस्रोत तथा उर्जा,प्राकृतिक स्रोतब्यवस्थापनर सुशासनतथाब्यवस्थापनलगायत विभिन्न बिषयगत क्षेत्रको उत्पादन रब्यवसायको संरचना ढाँचा तथा प्रविधीमा रुपान्तरण गर्नुपर्ने विसयका लागि तथ्यपरक निती, सुझाव तथा प्रस्तावहरु सिफारिस गर्ने।

५. सेवा प्रदान गर्नेमहाशाखा,शाखा र जिम्मेवार अधिकारी

क्र.सं.	महाशाखा	जिम्मेवार अधिकारी	पद	कैफियत
१	आर्थिक व्यवस्थापन	श्री खोमराज कोइराला	सहसचिव	
२	उत्पादन तथा श्रम सम्बन्ध महाशाखा	श्री अर्जुन भण्डारी	सहसचिव	
३	अनुगमन तथा मूल्यांकन महाशाखा	श्री मिमांस अधिकारी	सहसचिव	
४	पूर्वाधार महाशाखा	श्री ध्रुव घिमिरे	सहसचिव	
५	अनुसन्धान तथा अन्वेषण महाशाखा	डा. नारायण प्रसाद रेग्मी	सहसचिव	
६	सामाजिक विकास महाशाखा	श्री नवराज ढुंगाना	सहसचिव	
७	आन्तरिक प्रशासन तथा जनशक्ति व्यवस्थापन महाशाखा	श्री हरिशरण पुडासैनी	सहसचिव	

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

आयोगको कार्य प्रकृति योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन कार्यसँग सम्वन्धित हुने र प्रत्यक्ष सेवा प्रवाहसँग सम्वन्धित बिषयहरु नहुने भएकोले आयोगबाट प्रदान गरिने सेवाहरुमा दस्तुर र अवधि तोक्ने व्यवस्था नभएको।

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

७.१ निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया

उजुरीको व्यवस्थापनसम्वन्धमा आयोगमा प्रवक्ता, सहप्रवक्ता र सूचना अधिकारीको व्यवस्था गरिएको छ । आयोगको समस्टिगत कार्यक्षेत्र तथा संचार क्षेत्रहरु सँगको समन्वय एवम जानकारी प्रदान गर्न आयोगको तर्फबाट मानानीय सदस्य श्री प्रवक्ता तोकिएको छ। त्यसैगरि आयोगको प्रशासनिक कार्यहरु सम्बन्धमा आयोगका सहसचिव ईप्रवक्ता र कार्यक्रम निर्देशक श्री विष्णु प्रसाद सापकोटालाईसूचना अधिकारी तोकिएको छ। आयोगमा यस आ. व.मा उजुरी परेको थिएन। आयोगबाट सम्पादन हुने कार्यक्रमसँग सम्वन्धित विषयमा जानकारी एवं सूचना टेलिफोन, ईमेल र मौखिकरुपमा प्रत्यक्ष माग हुने गरेको सन्दर्भमा तुरुन्त सूचना उपलव्ध गराउँदै आइएको छ।साथै, आयोगको निर्णयहरु, निर्देशन, परिपत्र, महत्वपूर्ण दस्तावेजहरु प्रकाशनतथावेभसाईटमार्फत सार्वजनिकीरण गर्नुका साथै अवश्यकताअनुसार प्रेस विज्ञप्ति मार्फत पनि सुसूचित गर्ने गरिएको छ। टेलिफोन र मौखिक रुपमा माग गरिएका सूचनाहरु तुरुन्त जानकारी गराउने गरिएको छ।

७.२ निर्णय गर्ने अधिकारी

सचिव श्री भूपाल बराल

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री भूपाल बराल

९. २०८३ श्रावण देखी २०८३ असोज मसान्तसम्म सम्पादन भएको कामको विवरण

१. माननीय उपाध्यक्ष डा. गुणाकर भट्टको अध्यक्षतामा उच्चस्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठक सम्पन्न भयो । बैठकमा नेपालको पोषण तथा खाद्य सुरक्षाको अवस्था, नीतिगत प्राथमिकता, अन्तरनिकायगत समन्वय र सम्बन्धित कार्यक्रमको कार्यान्वयनबारे छलफल भएको थियो ।

२. माननीय उपाध्यक्षसँग स्ट्यान्डर्ड चार्टर्ड बैंकका भारत तथा दक्षिण एसिया हेर्ने प्रमुख कार्यकारी अधिकृत **P.D. Singh** बीच शिष्टाचार भेटवार्ता सम्पन्न भएको छ ।

३. माननीय उपाध्यक्षसँग संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (**UNFPA**) का प्रतिनिधि श्री **Shriram Haridass** बीच भेटवार्ता भएको छ ।

४. माननीय उपाध्यक्ष तथा आयोगका माननीय सदस्यहरूसँग नीति अनुसन्धान प्रतिष्ठानका **Senior Research Fellow** हरूको अन्तरक्रिया सम्पन्न भयो ।

५. मधेश प्रदेशका माननीय मुख्यमन्त्री कृष्णप्रसाद यादवले राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष तथा माननीय सदस्यहरूसँग प्रदेशको नीति, योजना तथा समग्र विकास निर्माणका विषयमा छलफल गर्नु भएको छ । छलफलमा प्रदेशको भौगोलिक, जनसाङ्ख्यिक, सामाजिक तथा आर्थिक अवस्थाका आधारमा विकासका प्राथमिकता निर्धारण गर्ने विषय समेटिएको थियो ।

६. संयुक्त राष्ट्रसङ्घीय दिगो विकास सहयोग रूपरेखा (**UNSDCF**) २०२८–२०३२ को तयारी, नीतिगत निर्देशन तथा समन्वयका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष र नेपालका लागि संयुक्त राष्ट्रसङ्घका आवासीय प्रतिनिधिको सहसंयोजकत्वमा संयुक्त निर्देशक समितिको बैठक सम्पन्न भयो ।

७. राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा माननीय सदस्यहरूसँग **UNICEF** का प्रतिनिधि तथा विश्व खाद्य कार्यक्रम (**WFP**) का प्रतिनिधि र कन्ट्री डाइरेक्टरको भेटवार्ता सम्पन्न भयो ।

८. राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. देवेन्द्र गौचनको संयोजकत्वमा खाद्य प्रणाली रूपान्तरण रणनीति तथा योजना समन्वय र सहजीकरणसम्बन्धी बैठक सम्पन्न भयो । बैठकमा खाद्य प्रणाली रूपान्तरणका कार्यलाई समन्वयात्मक रूपमा अघि बढाउने विषयमा छलफल भएको थियो ।

९. विश्व खाद्य कार्यक्रम (**WFP**) ले प्रस्ताव गरेको **Regional Workshop on Modelling Mapping Risk of Inadequate Micronutrient Intake (MIMI)** कार्यक्रममा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी राष्ट्रिय योजना आयोग संयुक्त आयोजक बन्ने सहमति प्रदान गरियो। उक्त निर्णयको जानकारी सम्बन्धित संस्थालाई गराउने निर्णयसमेत भएको थियो ।

१०. **ICIMOD** ले प्रस्ताव गरेको 4**th Science, Policy and Finance Dialogue (SPFD) on Air Quality Management in the Indo-Gangetic Plain and Himalayan Foothill (IGP-HF) Region** कार्यक्रममा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी राष्ट्रिय योजना आयोग संयुक्त आयोजक बन्ने सहमति प्रदान गरियो। उक्त निर्णयको जानकारी सम्बन्धित संस्थालाई गराउने निर्णय भएको थियो।

११. माननीय उपाध्यक्षको अध्यक्षतामा सोह्रौँ योजनाको कार्यान्वयन स्थिति तथा अर्थतन्त्रको अवस्थाबारे सम्बन्धित मन्त्रालय र निजी क्षेत्रका प्रतिनिधिहरूसँग अन्तरक्रिया सम्पन्न भयो। अन्तरक्रियामा योजनामा समावेश कार्यक्रम तथा आयोजनाको प्रगति, कार्यान्वयनमा देखिएका चुनौती र सुधार गर्नुपर्ने विषयमा छलफल भएको थियो।

१२. राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकलाई प्रभावकारी बनाउन विषयक्षेत्रगत निकाय तथा निजी क्षेत्रका प्रतिनिधिहरूसँग अन्तरक्रिया र पूर्वतयारी बैठक सम्पन्न भयो। बैठकमा विकास आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवस्था, समस्या र समाधानका सम्भावित उपायका विषयमा छलफल भएको थियो।

१३. राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकको पूर्वतयारीका क्रममा विभिन्न मन्त्रालय, निकाय तथा राष्ट्रिय आयोजना बैङ्क सचिवालयबाट प्राप्त प्रस्तावमाथि राष्ट्रिय योजना आयोगको नियमित बैठकमा छलफल भयो। प्रस्तावित विषयलाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने र समाधानमुखी छलफलका लागि आवश्यक तयारी गर्ने विषयमा जोड दिइएको थियो।

१४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीको प्रमुख आतिथ्यमा सुदूरपश्चिम प्रदेशबाट सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने सांसदहरूसँग अन्तरक्रिया सम्पन्न भयो। अन्तरक्रियामा सुदूरपश्चिम प्रदेशको विकास आवश्यकता, प्राथमिकता तथा पर्यटन क्षेत्रको सम्भावनाबारे छलफल भएको थियो।

१५. **London School of Economics** का प्राध्यापक माइकल कलेनले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा माननीय सदस्यहरूसमक्ष **Evidence in Policy Making: Lessons from State Capacity Research** विषयमा प्रस्तुति दिनुभयो। प्रस्तुतीकरणपछि प्रमाणमा आधारित नीति निर्माण, अनुसन्धानबाट प्राप्त निष्कर्षको सार्वजनिक नीति तथा निर्णय प्रक्रियामा उपयोग, राज्यको संस्थागत क्षमता अभिवृद्धि र नीतिको प्रभावकारिताबारे अन्तरसंवाद भयो।

१६. चीनको सीमा क्षेत्रबाट भोटेकोशी नदीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ, तनहुँ, गोरखालगायतका जिल्लामा पुऱ्याएको मानवीय, भौतिक तथा आर्थिक क्षतिका सम्बन्धमा राष्ट्रिय योजना आयोगको बैठकमा छलफल भयो। उद्धार, राहत तथा पुनःस्थापनाका कार्यमा खटिनुपर्ने अवस्था आउन सक्ने भएकाले आयोगका पदाधिकारी तथा कर्मचारी तयारी अवस्थामा रहने निर्णय भएको थियो। क्षतिको विवरण सङ्कलन तथा मूल्याङ्कनमा आयोगले आवश्यक समन्वय गर्ने निर्णयसमेत भएको थियो।

१७. रसुवागढी तथा भोटेकोशी नदीमा आएको बाढीबाट भएको क्षति तथा नोक्सानीको विस्तृत मूल्याङ्कन गर्न राष्ट्रिय योजना आयोगले गर्नुपर्ने तयारीका विषयमा आयोगको बैठकमा छलफल भयो। नेपाल सरकार

(मन्त्रिपरिषद्) बाट क्षति तथा नोक्सानीको विस्तृत मूल्याङ्कन गरी वित्तीय आवश्यकता, अनुगमन तथा पुनर्निर्माण योजना समेटिएको **PDNA** प्रतिवेदन तयार गर्ने जिम्मेवारी प्राप्त भए बमोजिम आयोगको बैठकले 'विपद्पछिको आवश्यकता मूल्याङ्कन (**PDNA**) प्रतिवेदन तयारी कार्यविधि, २०८३' स्वीकृत गऱ्यो।

१८. विपद्पछिको आवश्यकता मूल्याङ्कन (**PDNA**) प्रतिवेदन तयारीका लागि आवश्यक तथ्याङ्क सङ्कलन, विश्लेषण तथा प्रतिवेदनसम्बन्धी कार्य अघि बढाउने निर्णय राष्ट्रिय योजना आयोगको बैठकले गऱ्यो। क्षतिको विवरणलाई व्यवस्थित रूपमा सङ्कलन तथा विश्लेषण गरी पुनःस्थापना र पुनर्निर्माणका आवश्यकतासम्बन्धी विश्वसनीय आधार तयार गर्ने विषयमा जोड दिइएको थियो।

१९. रसुवा–भोटेकोशी बाढीपछि बहुविपद् जोखिम मूल्याङ्कनमा आधारित बस्ती विकास रणनीति' विषयमा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा विज्ञहरूसँग अन्तरसंवाद कार्यक्रम सम्पन्न भयो। जोखिम न्यूनीकरण, बस्तीको जोखिम पहिचान, भौगोलिक अवस्थाअनुकूल पुनर्निर्माण, दिगो पूर्वाधार तथा प्रभावित समुदायको सामाजिक र आर्थिक पुनःस्थापनाका विषयमा विज्ञहरूले सुझाव दिएका थिए।

२०. विपद्पछिको आवश्यकता मूल्याङ्कन (**PDNA**) प्रतिवेदन तयार गर्न आवश्यक तथ्याङ्कका सम्बन्धमा राष्ट्रिय योजना आयोगको बैठकले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने निर्णय गऱ्यो। **Rapid Damage and Needs Assessment (RDNA)** तयारीका क्रममा विभिन्न मन्त्रालय, निकाय तथा सङ्घसंस्थाबाट प्राप्त र तयार गरिएको तथ्याङ्क (**Raw Data**) को डिजिटल प्रति आयोगलाई उपलब्ध गराउन अनुरोध गरिएको थियो।

२१. सन् २०२६ सेप्टेम्बर १९ र २० मा ललितपुरस्थित **ICIMOD** मुख्यालयमा बोर्ड अफ गभर्नर्सको बैठक सम्पन्न भयो। बैठकमा नेपालको प्रतिनिधित्व राष्ट्रिय योजना आयोगका उपाध्यक्षले गर्नुभयो। बैठकले आगामी एक वर्षका लागि संस्थाको बोर्ड अध्यक्षताको जिम्मेवारी नेपाललाई प्रदान गऱ्यो। छलफलमा हिमाली क्षेत्रको दिगो विकास, जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलन, पर्वतीय पारिस्थितिक प्रणालीको संरक्षण र क्षेत्रीय सहकार्यका विषय समेटिएका थिए।

२२. राष्ट्रिय योजना आयोगका उपाध्यक्षसँग युरोपियन पार्लियामेन्टका सदस्यहरूले नेपालको आर्थिक विकास लगायतका विषयमा छलफल गर्नुभयो। छलफलमा नेपालको आर्थिक अवस्था, विकासका सम्भावना तथा नेपाल र युरोपबीचको सहकार्यका अवसरबारे विचार आदानप्रदान भएको थियो

२३. विपद्पछिको आवश्यकता मूल्याङ्कन (**PDNA**) सम्बन्धी विवरण प्रविष्ट गर्ने प्रयोजनका लागि राष्ट्रिय योजना आयोगले **PDNA** पोर्टल सार्वजनिक गऱ्यो। पोर्टलमार्फत क्षतिको विवरण व्यवस्थित रूपमा प्रविष्टि तथा व्यवस्थापन गर्ने व्यवस्था गरिएको थियो। यसबाट क्षतिको यथार्थ अवस्था पहिचान, क्षेत्रगत प्राथमिकता निर्धारण, आवश्यक लगानी तथा स्रोतसाधनको अनुमान र पुनर्निर्माणका लागि नीतिगत तथा बजेटगत आधार तयार गर्ने प्रक्रियालाई सहयोग पुग्ने अपेक्षा गरिएको थियो।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

सूचना अधिकारी, कार्यक्रम निर्देशक श्री बिष्णु प्रसाद सापकोटा

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

११.१ ऐन, नियम,बिनिमय वा निर्देशिकाको सूचीहरूको विवरण:

१. नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४
२. राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४
३. आयोजनाहरूको वहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड,
४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
५. आर्थिक कार्यविधि नियमावली, २०६४
६. संघ,प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६
७. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन ऐन, २०८०
८. समपूरक अनुदान सम्बन्धी कार्यविधि- २०८२
९. विशेष अनुदान सम्बन्धी कार्यविधि- २०८२

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

नेपाल सरकार, राष्ट्रिय योजना आयोग				
बजेट उपशीर्षक नं: ३९१०००११३				
बजेट उपशीर्षकको नाम: राष्ट्रिय योजना आयोग				
आर्थिक बर्ष : २०८३/८४, २०८३श्रावण १ देखि २०८३ असोज ३१ सम्म				
खर्च सङ्केत नं	खर्च सङ्केतको नाम	अन्तिम बजेट	पहिलो त्रैमासिक सम्मको खर्च	बाँकी बजेट
२११११	पारिश्रमिककर्मचारी	**६७६००००.००**	१९३०३०६२.०५	४८२९६९३७.९५
२१११२	पारिश्रमिकपदाधिकारी	८१००००.००	८०७२१२.००	७२९२७८८.००
२११२१	पोशाक	९००००.००		९००००.००
२११३२	महंगीभत्ता	५३०००.००	११५४५१६.००	४१४५४८४.००
२११३४	कर्मचारीको बैठक भत्ता	३००००.००	११२०००.००	१८८०००.००
२११३९	अन्यभत्ता	१००००.००	००.००	१००००.००
२११४१	पदाधिकारी बैठक भत्ता	५००००.००	००.००	५००००.००
२११४२	पदाधिकारी अन्य सुविधा	३००००.००	६०००.००	२४०००.००
२११३५	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	२४२९९०४.००	१०८०४७८.००	१३४९४२६.००
२१२१२	योगदानमा आधारीत निवृतभरण तथा उपदान कोष खर्च	४००००.००	६८०८८.७८	३३१९११.२२
२१२१३	योगदानमाआधारित बीमा कोष खर्च	४,००००.००	९२८००.००	३०७२००.००
२२१११	पानीतथा बिजुली	१८००००.००	४३६५७३.१९	१३६३४२६.८१
२२११२	संचारमहसुल	१४००००.००	१६३३९.००	१३८३६६१.००
२२२११	इन्धन(पदाधिकारी)	३२००००.००	४४४६९४.००	२७५५३०६.००
२२२१२	इन्धन(कार्यालय प्रयोजन)	२१००००.००	४३६१२५.००	१६६३८७५.००
२२२१३	सवारीसाधन मर्मत खर्च	६६००००.००	१७५४३४०.००	४८४५६६०.००
२२२१४	बिमातथा नवीकरण खर्च	१,५००,०००.००	१०००००.००	५००००.००
२२२२१	मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च	६००००.००	२१२४४०.००	३८७५६०.००
२२२९१	अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च	६००००.००	७१६९८.००	५०३३०२.००
२२३११	मसलन्दतथा कार्यालय सामाग्री	९२००००.००	१४०५५७२.००	७७९४२८.००
२२३१३	पुस्तकतथा सामग्री खर्च	१०००,०००.००	७०५०.००	९९२९५०.००
२२३१४	इन्धन-अन्य प्रयोजन	२००००.००	००.००	२००००.००
२२३१५	पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च	१७००००.००	६१०२०.००	१६३८९८०.००

२२३१९	अन्य कार्यालय संचालन खर्च	३००००.००	००.००	३००००.००
२२४११	सेवार परामर्श खर्च	२०००००.००	००.००	२०००००.००
२२४१२	सूचना प्रणाली तथा सफ्टवेर संचालन खर्च	२५००००.००	००.००	२५००००.००
२२५११	कर्मचारीतालिम खर्च	२००००.००	००.००	२००००.००
२२४१३	करार सेवा शुल्क	१५१००००.००	४९५७००३.००	१०१४२९९७.००
२२५२२	कार्यक्रमखर्च	३९२००००.००	११०१६७०५.७५	२८१८३२९४.२५
२२५२९	विविधकार्यक्रम खर्च	१२००००.००	३००००.००	११७००००.००
२२६११	अनुगमन, मूल्यांकन खर्च	४३००००.००	१७७०९५.००	४१२२९०५.००
२२६१२	भ्रमणखर्च	२००००.००	००.००	२००००.००
२२७११	विविधखर्च	२८००००.००	५९९४६४.००	२२००५३६.००

खर्च सङ्केत नं	खर्च सङ्केतको नाम	अन्तिम बजेट	**पहिलो त्रैमासिक सम्मको खर्च**	बाँकी बजेट
३११२२	मेशिनरीतथा औजार	२८००००.००	६४८५८०.००	२१५१४२०.००
३११२३	फर्निचरतथा फिक्चर्स	१५००००.००	३५१२२७.००	११४८७७३.००
३११६१	निर्मित भवनको संरचनात्मक सुधार खर्च	११००००.००	२५३६२७.००	८४६३७३.००
कुल जम्मा खर्च				४६५८२७०९.७७
अन्तिम बजेटको खर्च तुलना (%प्रतिशतमा)				२४.६०%

बजेट उपशीर्षकको नामः सार्वजनिक वित्तीय व्यवस्थापन सुधारकार्यक्रम ३०५००११५

खर्च/वित्तीयसङ्केत नं	खर्चसङ्केतको नाम	अन्तिम बजेट	पहिलो त्रैमासिक सम्मको खर्च	बाँकी बजेट
२२२१२	इन्धन(कार्यालय प्रयोजन)	६६०००.००	००.००	६६०००.००
२२२१३	सवारीसाधन मर्मत खर्च	१०००००.००	००.००	१०००००.००
२२४११	सेवार परामर्श खर्च	२५२०००.००	००.००	२५२०००.००
२२५२२	कार्यक्रमखर्च	४९४००००.००	००.००	४९४००००.००
२२६१२	भ्रमण खर्च	१०००००.००	००.००	१०००००.००
			००.००	

वित्तीयसङ्केत नं	खर्चसङ्केतको नाम	अन्तिम बजेट	पहिलो त्रैमासिक सम्मको खर्च	बाँकी बजेट
३११३४	कम्प्युटर सफ्टेवेयर निर्माण तथा खरिद खर्च	२०००००००.००	००.००	२०००००००.००
कुल जम्मा		६४४६४०००.००	००.००	६४४६४०००.००
अन्तिम बजेटको खर्च तुलना (%प्रतिशतमा)				००.००%

१३. तोकिए बमोजिमका अन्य विवरण

यस आयोग सगँ सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागि आयोगकै आफ्नै वेबसाइट www.npc.gov.np रहेको छ।

१४.सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:

राष्ट्रिय योजना आयोगले संचालन गरेका कार्यक्रमहरु आ.व. २०८३/८४ को बजेट, निति तथा कार्यक्रम अन्तर्गत रहेको छ। सोको प्रगति प्रतिवेदन यस नगरपालिकाको वेबसाइट www.npc.gov.np रहेको छ।

१५. सार्वजनिक निकायकोसामाजिक सन्जालभए सोको विवरण

राष्ट्रिय योजना आयोगको सामाजिक सन्जाल : **www.npc.gov.np (Website)**
: **@NEPALNPC (Twitter)**
: **www.facebook.com/hellonpc**

१६. (Facebook)सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:

नेपाली नागरिक, सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले नगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ।

१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन

महत्वपूर्ण सूचनाहरु र त्यस्तो विवरण यस नगरपालिकाको वेबसाइट www.npc.gov.np मा राख्ने गरिएको छ।

१८. राष्ट्रिय योजना आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली

आयोगका सबै सूचनाहरु खुल्ला रूपमा उपलब्ध छन्।

१९.राष्ट्रिय योजना आयोगमा परेको सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय

राष्ट्रिय योजनाआयोगका सम्पूर्ण निर्णय तथा दस्तावेजहरु वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको।

२०. राष्ट्रिय योजना आयोगका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण

राष्ट्रिय योजना आयोगका सूचना तथा प्रकाशनहरु नियमित रुपमा वेवसाइटमा राख्ने गरिएकोछ। साथै, राष्ट्रिय तथ्याङ्कसम्बन्धी विवरण तथा प्रकाशनहरु आयोग मातहतको केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित हुने गरेको र विभागको वेवसाइटमा समेत उपलब्ध रहेकोछ। यस आ.व. को अवधिमा प्रकाशित भएका देहायमा उल्लेखित प्रतिवेदन तथा अध्ययन प्रतिवेदनहरु वेवसाइटमा पनि राखिएका छन्।

क. सौह्रौ योजना (आ. व. २०८१/८२-२०८५/८६
ख. मध्यमकालीन खर्च संरचना - आ.व. २०८३/८४

ग. आर्थिक वर्ष को वार्षिक विकास कार्यक्रम

घ. समपूरक अनुदान सम्बन्धी कार्यविधि- २०८२ र विशेष अनुदान सम्बन्धी कार्यविधि- २०८२

ङ. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको राष्ट्रिय योजना आयोगको विवरण, आ.व. २०८२/८३

च. नेपाल मानव विकास प्रतिवेदन, २०२०

छ. राष्ट्रिय आयोजना बैक (कार्य सञ्चालन तथा व्यवस्थापन मापदण्ड), २०८१